तिमोथीको निर्देशिका

# आनन्दित हुन बोलाइएको

## हुर्कंदै गरेको विश्‍वासीलाई प्रोत्साहन दिनु

बिल्लि ह्याङ्क्स, जुनियर

# आनन्दित हुन बोलाइएको

तिमोथीको निर्देशिका

# आनन्दित हुन बोलाइएको

*हुर्कंदै गरेको विश्वासीलाई प्रोत्साहन दिनु*

बिल्लि ह्याङ्क्स, जुनियर

अन्तर्राष्ट्रिय सुसमाचार परिषद

सलाडो, टेक्सस ७६५७१

www.ieaom.org

# पाठ एक

## छलफल निर्देशिका



**आनन्दित हुन बोलाइएकोमा स्वागत छ!**

खीष्टियन जीवनमा वृद्धि हुने तपाइँको इच्छाको खुशीयालीमा तपाइँले यो पुस्तक मात्र पाउनु हुने छैन, तर साह्रै महत्त्वपूर्ण रूपमा, एउटा मित्र पनि पाउनु हुनेछ । हरेक पटक तपाइँहरू एक-अर्कासँग भेटेर खीष्टियन सङ्गतिको आनन्द लिन सक्नु हुन्छ । तपाइँको छलफल, प्रार्थना, बाइबल अध्ययनको दौरान तपाइँसँग एक-अर्कालाई राम्रोसँग चिन्ने अवसर हुनेछ ।

सामान्यतयाः यो प्रेरणादायक पाठ्य सामाग्री पूरा गर्न सात देखि दस हप्ता लाग्छ । हामी प्रार्थना गर्छौं कि तपाइँका यी हप्ताहरू सबैभन्दा बढी आनन्दमय र प्रतिफलमय होस् । याकूब ४ः ८ ले भन्छ, “परमेश्वरको नजिक आओ र उहाँ तिमीहरूको नजिक आउनु हुनेछ ।”

यो पहिलो भेट बाँकी अरूभन्दा निकै फरक हुनेछ किनभने हामी मण्डलीको एउटा नयाँ सदस्यले खीष्टलाई व्यक्तिगत मुक्तिदाताको रूपमा थाहा गर्नु कति महत्त्वपूर्ण हुन्छ भनी प्रष्ट रूपमा तपाइँले बुझ्न सकोस् भन्ने कुरामा निश्चित हुन चाहन्छौं । हामीलाई विश्वास छ कि यदि तपाइँले यसको महत्त्वपूर्ण सन्देशलाई पूर्ण रूपमा वा आशिंक रूपमा बुझिसक्नु भए तापनि, तपाइँ यस आधारभूत अध्ययन द्वारा सुसज्जित हुन हुनेछ ।

**सुसमाचारको बुझाइ**

**क) मानव जातिको आत्मिक आवश्यकता**

“जसरी लेखिएको छ, ‘धर्मी कोही छैन, एकजना पनि छैन ।” (रोमी ३ः१०)

परमेश्वर प्रतिको मानिसको पहिलो अनाज्ञाकारिता उत्पत्ति २ र ३ अध्यायहरूमा लेखिएको छ ।

१. “अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, ‘बगैंचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस्, तँ निश्चय नै मर्नेछस् ।” (उत्पत्ति २ः १६-१७)

२. “एउटा मानिसद्वारा संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेको हुनाले सबै मानिसमा मृत्यु फैलियो ।” (रोमी ५ः१२)

३. “किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।” (रोमी ३ः२३)

**ख) अनाज्ञाकारिताको परिणाम**

मानिसले परमेश्वरको आज्ञा पालन नगर्नलाई रोज्यो, र रोजाइँले सधैं परिणाम ल्याउँछ !

बाइबलमा दुई प्रकारको मृत्युहरूको बारेमा भनिएको छन् । एउटा *शारीरिक मृत्यु* हो, जुनको बारेमा हामी केही बेरमा हेर्ने छौं र अर्को चाहिँ *आत्मिक* मृत्यु हो, जुनको बारेमा बाइबलको रोमी ६:२३ मा बताइएको छ ।

१. "किनकि पापको ज्याला मृत्यु हो, *तर परमेश्वरको सितैंको वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो* । " (रोमी ६:२३)

२. "जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ" (हिब्रू ९:२७)

**ग) परमेश्वरको प्रबन्ध**

मानिसको पापले न्यायलाई निम्त्यायो । तर पनि मानिस प्रतिको परमेश्वरको प्रेमले क्षमालाई निम्त्यायो । परमेश्वर प्रेमी र धर्मी हुनु भएकोले आफ्नो चरित्रमा सत्य ठहरिनु भयो र आफैले पापको मूल्य तिरिदिनु भयो ।

१. "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।" (रोमी ५:८)

२. "किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो उहाँ शरीरमा मारिनुभयो-धर्मीजन अधर्मीहरूका निम्ति तर आत्माद्वारा जीवित पारिनुभयो ।" (१ पत्रुस ३:१८)

३. "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो कर्महरू द्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।" (एफिसी २:८-९)

**घ) मानिसको प्रतिक्रिया**

खीष्ट आउनु भयो र परमेश्वरलाई प्रकट गर्नु भयो । उहाँको मृत्युले परमेश्वरको धार्मिकता र न्यायलाई सन्तुष्ट बनायो । खीष्टद्वारा हाम्रो पापको क्षमा हामी पाउन सक्छौं, परमेश्वरको धर्मी ठहरिन सक्छौं र अनन्त जीवन पाउँछौं । तर हामीलाई परमेश्वरको दया र अनुग्रह स्वीकार गर्न कर लगाइएको छैन । यो हाम्रो रोजाइँ हो ।

१. "अब यूहन्ना पक्राउमा परेपछि परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालील आउनुभयो, यहाँले भन्नुभयो, 'समय पूरा भएको छ, र परमेश्वरको राज्य नजीक आइपुगेको छ। पश्चाताप गर र सुसमाचारमा विश्वास गर ।'" (मर्कूस १:१४-१५)

२. "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो ।" (यूहन्ना १:१२)

३. तपाइँले ................. र .........................गर्नु पर्छ ।

पहिलो तपाइँले येशू उहाँले दाबी गर्नु भएको परमेश्वर हुनु हुन्छ भनी *विश्वास* गर्नु पर्छ । उहाँ कन्याबाट जन्मनु भयो, पापरहित जीवन जिउनु भयो, उहाँले हाम्रो पापको ज्याला तिर्नु भयो र मृत्युबाट पुनरुत्थान हुनु भयो । उहाँले हराएकाहरूलाई *खोज्न अनि बचाउन* र हाम्रो मुक्तिदाता हुन आएको हूँ भनी भन्नु भयो ।

अब, तपाइँले उहाँलाई आफ्नो व्यक्ति मुक्तिदाताको रूपमा *ग्रहण* गर्नु पर्छ ।

